२५औं वार्षिक प्रतिवेदन

२०७५/७६

युनाईटेड फाईनान्स लिमिटेड

UNITED FINANCE LIMITED

(National Level “C” Class Financial Institution Licensed by Nepal Rastra Bank)

SILVER JUBILEE YEAR

तपाईंको साथ - आज पनि, भोलि पनि

युनाईटेड फाईनान्स लिमिटेड
सञ्चालक समिति

बसन्त कुमार चौधरी
अध्यक्ष

संस्थापक तर्फबाट

विष्णु कुमार अग्रवाल
सञ्चालक
प्रतिनिधि, एम.ए.डब्लु इन्टरप्राइजेज प्रा. लि.

के.आर. बिजिमोन
सञ्चालक
प्रतिनिधि, मुत्तुट फाइनेन्स लि., इन्डिया

रोशन अधिकारी
सञ्चालक
प्रतिनिधि, राहुल इन्फ्रास्ट्रक्चर (नेपाल) प्रा. लि.

सर्वसाधारण तर्फबाट



वेनी गोपाल मुन्दडा
सञ्चालक

मनिष कुमार खेमका
सञ्चालक

स्वतन्त्र तर्फबाट

शंकर प्रसाद पाण्डे
स्वतन्त्र सञ्चालक

प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
युनाईटेड फाईनान्स लिमिटेड
आइ. जे. प्लाजा, दरवारमार्ग, काठमाण्डौ ।

विषय : **प्रतिनिधि नियुक्त गरेको बारे ।**

महोदय,

....बस्ने...म/हामी .... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७६/०९/२९ गतेका दिन हुने साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि त्यस कम्पनीको शेयरधनी श्री .... शेयरधनी नं .... लाई मेरो/हामो प्रतिनिधि मनोनित गरि पठाएको छु/छौ ।

निवेदकको दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी परिचय नं. :

हितग्राही परिचय नं.

DP ID								Client ID							

दष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फाराम रद्द गरिनेछ ।

युनाईटेड फाईनान्स लिमिटेड
आइ. जे. प्लाजा, दरवारमार्ग, काठमाण्डौ ।

प्रवेश पत्र

शेयरधनीको नाम.. शेयर प्रमाण पत्र नं. ....

शेयरधनी परिचय नं. .... शेयर संख्या..................................

युनाईटेड फाईनान्सको २०७६/०९/२९ मा हुने पच्चीसौँ वार्षिक साधारण सभामा उपस्थितिका लागि जारी गरिएको प्रवेश पत्र ।
(सभाकक्षमा प्रवेश गर्दा यो प्रवेश पत्र पेश गर्नु पर्नेछ)

....
कम्पनी सचिव

२४ औं बार्षिक साधारण सभाका केही स्मरणीय झलकहरु

२४ औं बार्षिक साधारण सभाका केही स्मरणीय झलकहरु

२४ औं बार्षिकोत्सवका केही स्मरणीय झलकहरु

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरिएका कार्यक्रमको केही स्मरणीय झलकहरु

संस्थाले e-nable नेपालको सहयोगमा बिभिन्न व्यक्तिहरुलाई कृत्रिम हात प्रदान गर्न आर्थिक सहयोग गरिएको ।

ईलाम शाखाबाट ट्राफिक प्रहरीसंगको समन्वयमा मेचि राजमार्गमा ट्राफिक जागरुकताको सामाग्री सहितको होर्डिंग बोर्ड निर्माण गरी जडान गरिएको ।

संस्थाको प्रधान कार्यालयबाट HIV संक्रमित अनाथ बालबालिकालाई लक्षित गरी सफलता HIV शिक्षा सदन, कीर्तिपुरका २३ बालबालिकालाई सहयोग सामग्रीहरू वितरण गरिएको ।

संस्थाको प्रधान कार्यलयबाट कागेश्वरी मनोहरा नगरपालिकामा रहेको एकीकृत काँडाघारी सेवा समाजलाई गान्धी आर्दश माध्यमिक विद्यालय अगाडी रहेको बिरुवाहरुको सूरक्षाको लागि ५० थान ट्रिगार्ड उपलब्ध गराईएको ।

दमक शाखाबाट दमक नगरपालिका स्थित हनुमान मन्दिरदेखि नमुना मार्केटसम्म सामाजिक जानकारी मूलक होर्डिंग बोर्ड राख्ने कार्य सम्पन्न गरिएको ।

विषय सूची

पच्चीसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना ५

अध्यक्षको मन्तव्य ८

सञ्चालक समितिको वार्षिक प्रतिवेदन ९

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बद्ध अतिरिक्त प्रतिवेदन १९

धितो पत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची १५ बमोजिमको वार्षिक विवरण २३

लेखापरीक्षकको प्रतिवेदन २५

वित्तीय अवस्थाको विवरण २८

नाफा नोक्सान विवरण २९

अन्य विस्तृत आम्दानीको विवरण ३०

नगद प्रवाह विवरण ३१

इक्विटीमा भएको परिवर्तनको विवरण ३३

Notes to the Financial Statements ३६

वित्तीय विवरणको लागि अनुसूचीहरु ५२

संस्थाको वित्तीय विवरण प्रकाशन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति पत्र १०३

संस्थाका प्रत्युत्तर १०४

युनाईटेड फाईनान्स लिमिटेड

पच्चीसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७६ साल पौष ५ गते बसेको सञ्चालक समितिको २४१औं बैठकको निर्णयानुसार यस संस्थाको पच्चीसौं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सुचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७६ पौष २९ गते मंगलबार (जनवरी १४, २०२०)
समय : बिहान ११ बजे
स्थान : कार्की बैंकेट, बबरमहल, काठमाण्डौं ।

क. सामान्य प्रस्तावहरू :

१. पच्चीसौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७६ आषाढ मसान्तको वासलात, आ.व.२०७५/७६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, को दफा ६३ अनुसार आ.व.२०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री बि. के अग्रवाल एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स ३ वर्षे कार्यकाल समाप्त भएकोले उहाँ पुनः नियुक्त हुन सक्नु हुने छैन) ।

४. सञ्चालक समितिबाट सिफारिश भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम हाल कायम चुक्ता पुँजी रु. १,०१,०५,१९,१००.०० को ७.५२६३ प्रतिशतका दरले हुन आउने रु.७,६०,५४,८५६.६२ नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरणका लागि स्वीकृत गर्ने ।

ख. विशेष प्रस्ताव :

१. सञ्चालक समितिबाट सिफारिश भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम २०७६ साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूंजीमा ३ प्रतिशतका दरले रु. ३,०३,१५,५७२.२२ बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. संस्थाको वर्तमान जारी पुँजी रु. १,०१,०५,१९,१००.०० बाट वृद्धि गरी रु.१,०४,०८,३४,६७३.०० पुर्‍याउन स्वीकृती प्रदान गर्ने ।

३. बोनस शेयर जारी भए पश्चात संस्थाको अधिकृत पुँजी, जारी पुँजी तथा चुक्ता पुँजी वृद्धि हुने भएकोले पुँजी वृद्धि लगायतका विषयहरु समावेश गरी संस्थाको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने ।

४. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ती गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग गाभिने प्रकृया अघि बढाउँनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने तथा सोका लागि मुल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने तथा प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

५. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिदा वा अभिलेख गर्दा गराउँदा प्रस्तावित संशोधनहरुमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव स्वीकृत गर्ने ।

ग. विविध :

१. निर्वाचन सम्बन्धमा ।

भारत, कोची स्थित मुत्तुट फाइनेन्स लिमिटेडबाट सञ्चालक समितिमा १ जनाको प्रतिनिधित्व रहने बाहेक संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

२. स्वतन्त्र संचालक सम्वन्धमा ।

स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्वन्धमा ।

सञ्चालक समितिको आज्ञाले,

....

कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) वार्षिक साधारण सभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजी २०७६/०९/१४ देखि २०७६/०९/२९ गतेसम्म बन्द रहनेछ ।

२) शेयरधनीहरुको जानकारीका लागि वार्षिक संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । साथै, संक्षिप्त आर्थिक विवरण लगायत वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको वेबसाइट www.ufl.com.np मा पनि राखिएको छ ।

३) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरूले कुनै एक सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाताको प्रमाण र आफ्नो परिचय खुल्ने फोटो सहितको परिचयपत्र वा सोको प्रतिलिपि अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।

४) वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ ।

५) वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा शुरू हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

६) प्रतिनिधि नियुक्त गर्दा मतदान गर्न अधिकारप्राप्त कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई नियुक्ति गर्न सकिने छैन् ।

७) नावालक वा विक्षिप्त शेयरधनीहरूको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिलेमात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारणसभामा भाग लिन पाउने छ ।

८) कुनै शेयरधनी महानुभावहरूलाई कम्पनीको सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

९) शेयरधनी महानुभावहरूले व्यक्त गरेको मन्तव्य वा राखिएको जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०) साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरूले साधारण सभासंग सम्वन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ ।

सञ्चालक समितिका सदस्यको निर्वाचन सम्बन्धी थप जानकारी

१. निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्यक्रमहरु मिति २०७६/९/१४ गते सोमवार दिनको १:०० वजे यस कम्पनीको केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाडौंमा प्रकाशित गरिनेछ ।

२. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्पनीले जारी गरेको शेयरमध्ये धितो बन्धक लगायत कुनैपनि प्रकारको बन्धक नरहेको कम्तीमा १०० कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनु पर्नेछ ।

३. सञ्चालक पदमा उम्मेदवार हुन चाहने ब्यक्तिले यस कम्पनीको केन्द्रीय कार्यालय दरवारमार्ग, काठमाडौंमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मिति र समय भित्र कम्पनीको एकजना शेयरधनी प्रस्तावक र एक जना समर्थक (सम्बन्धित समूहको) सहित तोकिएको ढाँचामा आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गराउनु पर्नेछ ।

४. यस कम्पनीको सञ्चालकहरुको "निर्वाचन सम्बन्धी निर्देशिका २०७६" शेयरधनीहरुले यस कम्पनीको केन्द्रीय कार्यालयबाट रु. २००/- शुल्क तिरी प्राप्त गर्न सक्नु हुनेछ । द्रष्टब्यः कम्पनीको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूको सुविधाको लागि कम्पनीको वेबसाइट www.ufl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाटसमेत हेर्न सकिने ब्यहोरा जानकारी गराउँदछौ ।

*****

युनाईटेड फाईनान्स लिमिटेड
अध्यक्षको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरू,

युनाईटेड फाईनान्स लिमिटेडको पच्चीसौँ वार्षिक साधारणसभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरू एवं उपस्थित अतिथि महानुभावहरूमा सञ्चालक समिति तथा आफ्नो व्यक्तिगत रुपमा समेत हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

सरकारले परिकल्पना गरेको “समृद्ध नेपाल, सुखी नेपाली” को नारालाई मूर्तरूपमा परिणत गर्न विगत २५ वर्षदेखि क्रियाशील रहेको यस संस्थाले समीक्षा अवधिमा हासिल गरेका केही सह्रानीय उपलब्धिहरू जानकारी गराउन चाहन्छु ।

१. अघिल्लो साधारणसभाको निर्णय बमोजिम भारतको प्रतिष्ठित मुत्तुट फाइनेन्स यस संस्थामा रणनीतिक साझेदारको रूपमा भित्रिएको छ र हामी वैदेशिक लगानी रहेको एक मात्र फाईनान्स कम्पनी बन्नपुगेका छौ तथा चुक्ता पुँजीका हिसाबले हामी सबैभन्दा ठूलो फाईनान्स कम्पनी बनेका छौ ।

२. यहाँहरूको चाहना बमोजिम यस संस्थाले आफ्नै भवन निर्माणार्थ काठमाडौँको बैंकिङ्ग हव भनेर चिनिने कमलादीमा घरजग्गा खरिद गरेको छ । उक्त खरिद गरिएको घरजग्गामा दुई वर्ष भित्र यस संस्थाको व्यावसायिक कम्प्लेक्स निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

३. हालै मात्र संस्थाले ८ वटा नयाँ शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ र शाखा-सञ्जालका हिसाबले समेत हामी सबैभन्दा ठूलो फाईनान्स कम्पनी बन्न सफल भएका छौ ।

दूरदृष्टि, कुशल व्यवस्थापन, प्रभावकारी संरचना र विवेकशील लगानी नै व्यावसायिक सफलताका आधारशिला हुन् भन्ने तथ्यलाई अङ्गीकार गर्दै हामीले विगत २५ वर्षदेखि संस्थागत सुशासनलाई उच्च प्राथमिकतामा राखी संस्थाको कर्जा, निक्षेप, आम्दानी र मुनाफामा दिगो वृद्धि लगायतका उपलब्धिहरू हासिल गर्दै आइरहेका छौ ।

बैंकिङ्ग क्षेत्रले समग्र अर्थतन्त्र र व्यक्तिको जीवनमा अहम् भूमिका खेल्ने हुनाले हामी हाम्रा ग्राहकवर्गलाई आवश्यक सेवाहरू सरल र सुलभ ढङ्गले प्रदान गर्दै देशको आर्थिक वृद्धिमा टेवा पुऱ्याउन प्रतिवद्ध रहेका छौ । संस्थालाई सबल र विश्वसनीय बनाउनेतर्फ आवश्यक प्रविधि, जोखिम व्यवस्थापन, कर्मचारी व्यवस्थापन, सुदृढ एवं उत्कृष्ट सेवा-सुविधाहरू आदिमा जोड दिँदै आइरहेको यहाँहरूलाई विदितै छ । शेयरधनीहरूलाई प्रतिफल प्रदान गर्न संस्था सफल हुनु निकै गर्वको विषय हो भन्ने मलाई लाग्दछ । संस्थाले समीक्षा अवधिको मुनाफा र सञ्चित कोषबाट आर्थिक वर्ष २०७५/७६ को लागि १०.५२६३ प्रतिशत लाभांश (३ प्रतिशत बोनस शेयर तथा ७.५२६३ प्रतिशत नगद लाभांश) दिने प्रस्ताव यस गरिमामय साधारणसभामा स्वीकृतिका लागि पेस गरेका छौ । यसमा यहाँहरूको समर्थन रहने अपेक्षा मैले राखेको छु ।

संस्थाको सफलता र असफलताको अन्तिम कारक मानव-संसाधन नै हो भन्ने तथ्यलाई मनन् गर्दै संस्थाले कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धि गरी, उनीहरूको मनोबललाई उच्च राख्ने कार्यलाई प्राथमिकतामा राखेको छ । संस्थाले उत्कृष्ट कार्यसम्पादनलाई पुरस्कृत गर्ने नीति कार्यान्वयनमा ल्याएको छ । यसले कर्मचारीहरूमा अझ उत्कृष्ट उपलब्धि हासिल गर्न हौसला प्रदान गरेको मैले महसुस गरेको छु ।

बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका बीच पनि हामीले वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सक्षम रहेको यहाँहरूमा विदितै छ । संस्थागत सुशासनलाई पहिलो प्राथमिकतामा राख्दै हामीले आयलाई दरिलो, सुरक्षित र दिगो तरिकाले वृद्धि गरेका छौ । यसका लागि आ-आफ्नो ठाउँबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभाव, ग्राहकवर्ग, संस्थाका कर्मचारीवर्गहरु, शुभेच्छुक तथा अन्य सम्पूर्ण सम्बद्ध निकायहरूलाई धन्यवाद ज्ञापन गर्दै भविष्यमा पनि सदाझैँ यहाँहरूको सहयोग रहने कुरामा म पूर्ण विश्वस्त छु ।

धन्यवाद ।

बसन्त कुमार चौधरी
अध्यक्ष

सञ्चालक समितिको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७५/७६

आदरणीय शेयरधनी महानुभावहरू,

युनाईटेड फाईनान्स लिमिटेडको पच्चीसौँ वार्षिक साधारणसभामा उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरू, विभिन्न नियमनकारी निकायहरूबाट पाल्नुभएका प्रतिनिधि लगायत उपस्थित सम्पूर्ण महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट म स्वागत-अभिवादन व्यक्त गर्दछु । यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/७६ को कारोबारको सिंहावलोकन, अन्तर्राष्ट्रिय एवं राष्ट्रिय आर्थिक परिदृश्य र बैंकको कारोबारमा सोको असर, हालसम्मको उपलब्धि एवं भावी योजना, कम्पनीको व्यावसायिक सम्बन्ध, कारोवारलाई असर पार्ने तत्वहरू लगायतका विषय एवं कम्पनी ऐन, २०६३ को दफा १०९ ले अनिवार्य गरेका विषय सहितको सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्दछु । प्रतिवेदन बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ लगायत अन्य प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको परिधिभित्र तयार गरिएको व्यहोरा समेत जानकारी गराउँदछु ।

आदरणीय शेयरधनी महानुभावहरू, सर्वप्रथम म यहाँहरूलाई दुइटा सुखद जानकारी गराउन चाहन्छु । पहिलो, अघिल्लो साधारणसभाको निर्णय बमोजिम भारतको प्रतिष्ठित मुत्तुट फाइनेन्स यस संस्थामा रणनीतिक साझेदारको रूपमा २०.७८ प्रतिशत शेयर लगानी गरी भित्रिएको छ र सो संस्थाबाट प्रतिनिधिका रूपमा श्री के.आर. बिजिमोनले यस संस्थाको सञ्चालकका रूपमा पदबहाली गरिसक्नु भएको छ । दोस्रो, यहाँहरूको चाहना बमोजिम यस संस्थाले आफ्नै भवन निर्माणार्थ कमलादी, काठमाडौँ (का.म.पा. २८, साविक ३१ हाल सङ्गम स्विट्स रहेको घर) मा घरजग्गा खरिद गरेको छ । कमलादी मूलसडकसँग जोडिएको कि.नं. १०५९ तथा १५०६ को जम्मा क्षे.फ. १–४–१–३ जग्गा तथा सोमा निर्मित घरसमेत एकमुष्ठ मूल्य रु. २६,८४,४०,३६७.०० मा खरिद गरिएको छ । उक्त खरिद गरिएको घरजग्गामा यस संस्थाको व्यावसायिक कम्लेक्स निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको समेत जानकारी गराउँदछु ।

१. आर्थिक वर्ष २०७५/७६ मा संस्थाको कारोबारको सिंहावलोकन :

आर्थिक वर्ष २०७५/७६ का वित्तीय उपलब्धिहरु

रकम रु. हजारमा

सम्पत्ति	आषाढ मसान्त २०७६	आषाढ मसान्त २०७५ (Restated as per NFRS)
नगद तथा नगद समान	१२,१०,१५७.८६	९,१८,८२९.००
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने	२,६८,८८९.५१	२,८४,६५२.४५
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	१,८९,७८३.००	८०,८८३.००
ग्राहकहरूलाई दिएको कर्जा तथा सापटी	५९,५१,६८२.१३	५२,६८,०४६.९२
धितोपत्रमा (Securities) लगानी	४,८०,८४६.२५	४,९२,२३३.८२
यस वर्षको आयकर सम्पत्ति	११,१११.२४	३०,६५८.७८
सम्पत्तिमा लगानी	५२८.३४	५२८.३४
सम्पत्ति तथा उपकरण	५४,२७९.७७	६०,०९६.४७
ख्याति र अमूर्त सम्पत्ति	१,९९२.१७	१,८४९.५०
स्थगन कर सम्पत्ति	१५,४८७.०८	१०,२६७.७९
अन्य सम्पत्ति	६५,६८५.४१	४४,८९४.८७
कुल सम्पत्ति	**८२,५०,४४२.७७**	**७१,९२,९४०.९२**

दायित्व	आषाढ मसान्त २०७६	आषाढ मसान्त २०७५
ग्राहकको निक्षेप	६५,५७,५९३.४२	५९,९३,७०६.२७
व्यवस्था	८,१०६.८४	७,३४७.९८
अन्य दायित्व	१,६१,४२०.५४	१,१८,४६९.८४
कुल दायित्व	६७,२७,१२०.८०	६१,१९,५२४.०८
इक्विटी		-
शेयर पुंजी	१०,१०,५१९.०७	८,००,५१९.०७
शेयर प्रिमियम	१,८९,000.00	-
सञ्चित मुनाफा	८१,९६९.२३	१,२२,७८४.०८
जगेडा कोषहरू	२,४१,८३३.६६	१,५०,११३.६८
शेयरधनीहरूलाई बाँडफाँड योग्य कूल इक्विटी	**१५,२३,३२१.९७**	**१०,७३,४१६.८४**
कुल इक्विटी	**१५,२३,३२१.९७**	**१०,७३,४१६.८४**
कुल दायित्व र इक्विटी	**८२,५०,४४२.७७**	**७१,९२,९४०.९२**

समीक्षा अवधिमा संस्थाको पुँजी पर्याप्तता अनुपात, निष्कृय कर्जा अनुपात, तरलता अनुपात लगायतका मापदण्डहरू नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मापदण्डअनुसार सकारात्मक रहेको छ । समीक्षा अवधि सहित विगत पाँच वर्षको वित्तीय सूचकाङ्कहरूको तुलनात्मक प्रस्तुतीकरण यस प्रकार रहेको छ :

रकम रु. हजारमा

विवरण	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६
सञ्चालन आम्दानी	५,२२,६५६.१४	५,९७,३९५.५७	७,२४,७९७.३१	८,२७,३७२.९४	९,५०,५६४.०१
सञ्चालन खर्च	३,७७,७३४.९३	३,७६,९४४.६०	५,३६,०३०.२९	७,०६,७४१.३१	७,८५,७३५.९०
सञ्चालन नाफा (व्यवस्थाअघिको)	१,४४,९२१.२१	२,२०,४५०.९७	१,८८,७६७.०२	१,२०,६३१.६३	१,६४,८२८.११
करपछिको नाफा (खुद नाफा)	९०,५९८.८३	१,३९,५६३.५४	१,१९,२४२.८६	८७,३४०.९२	९९,९८५.८४
चुक्ता पुँजी	४,६३,९३४.५९	५,५६,७२१.५०	६,७२,७०५.१०	८,००,५१९.०७	१०,१०,५१९.०७
जगेडा कोष	१,२४,७७१.६६	१,६६,६६४.७६	३,२६,२६९.०७	२,७२,८९७.७६	५,१२,८०२.८९
निक्षेप	४२,६८,५३३.१३	४५,४१,८५६.८९	५४,४५,४७९.१४	५९,९३,७०६.२७	६५,५७,५९३.४२
कर्जा	३७,०४,८३०.७२	४०,२३,९९६.७३	४७,७३,३८४.४३	५३,४८,९२९.९२	६१,४१,४६५.१३
निष्कृय कर्जा। कुल कर्जा	०.५९	०.४३	०.३८	०.६४	०.५७
लगानी	२,८१,८७३.१६	२,६८,६७२.०२	२,८३,३६६.०३	४,९२,२३३.८२	४,८०,८४६.२५
स्थिर सम्पत्ति/(खुद)	८६,८०१.९८	८३,१८७.२३	५०,६०४.१७	६०,०९६.४७	५४,२७९.७७
कुल सम्पत्ति	५०,८४,२६४.२०	५३,७२,३४४.७८	६५,४१,२१७.७१	७१,९२,९४०.९२	८२,५०,४४२.७७
नगद लाभांश (प्रतिशतमा)	०.७९	१.०५	०	५.२६	७.५३
बोनस शेयर	१५.७९	२१.०५	१९	०	३
खुद नाफा/सञ्चालन आम्दानी अनुपात	१७.३३	२३.३६	१६.४५	१०.५६	१०.५२
सञ्चालन खर्च र सञ्चालन आम्दानी अनुपात	७२.२७	६३.१	७३.९६	८५.४२	८२.६६
सम्पत्तिमा प्रतिफल	१.७८	२.६	१.८३	१.२१	१.२१
कर्मचारी	१३५	१३५	१४७	१६०	१५९
शाखाहरू	११	११	१५	१५	१५
पुंजीकोष अनुपात	१४.७८	१५.५१	१८.८	१८.९१	२२.१८

आदरणीय शेयरधनी महानुभावहरू,

अव म अन्तर्राष्ट्रिय एवं राष्ट्रिय आर्थिक परिदृश्य र संस्थाको कारोबारमा सोको असरसहित देशको अर्थतन्त्र र बैंकिङ्ग क्षेत्रको समष्टिगत अवस्था तथा यस वित्तीय संस्थाको ब्यवसायिक गतिविधि र भावी योजनाको बारेमा छोटो विवेचना प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. मुलुकको आर्थिक अवस्था र संस्थाको कारोबारमा परेको असर

आर्थिक वर्ष २०७५/७६ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन ७.१ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ । जसमा कृषि क्षेत्रको उत्पादन ५.० प्रतिशत र गैर-कृषि क्षेत्रको उत्पादन ७.२ प्रतिशत र सेवा क्षेत्रको वृद्धि ७.३ प्रतिशत रहेको अनुमान रहेको छ । समीक्षा वर्षमा औद्योगिक क्षेत्रको उत्पादन १४.२ प्रतिशत र सेवा क्षेत्रको उत्पादन १३.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २७.० प्रतिशत, १५.२ प्रतिशत र ५७.८ प्रतिशत रहेको छ । पर्याप्त र अनुकूल मौसमी वर्षाका कारण कृषि उत्पादनमा वृद्धि, ऊर्जा आपूर्तिमा सहजता, केन्द्र, प्रदेश र स्थानीय तीनवटै तहमा सरकारको उपस्थितिसँगै बजेट कार्यान्वयन, औद्योगिक उत्पादनमा सुधारका साथै पर्यटक आगमन समेत बढेका कारण मुलुकको आर्थिक वृद्धि सकारात्मक देखिएको र चालु वर्षमा अझै सुधार हुँदै जाने विश्वास गर्न सकिन्छ ।

आर्थिक वर्ष २०७५/०७६ मा कुल वस्तु निर्यात १९.४ प्रतिशतले वृद्धि भई रू. ९७ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ११.४ प्रतिशतको मात्र वृद्धि रहेको थियो । त्यसैगरी समीक्षा अवधिमा कुल वस्तु आयात १३.९ प्रतिशतले बढेर रू. १४१८ अर्ब ५४ करोड पुगेको छ । समीक्षा अवधिमा कुल वस्तु-व्यापार घाटा १३.५ प्रतिशतले विस्तार भएको छ । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ६.८ प्रतिशत कायम भएको छ, जुन अघिल्लो वर्ष ६.५ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वृद्धि भई रू. ७५५ अर्ब ६ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४.६ प्रतिशतले वृद्धि भएको थियो । वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७५/७६ मा १०.१ प्रतिशतले घटेको भए तापनि अघिल्लो वर्षको ८.६ प्रतिशतले वृद्धि भएको विप्रेषण आप्रवाह समीक्षा वर्षमा १६.५ प्रतिशतले वृद्धि भएको छ । औसत उपभोक्ता मुद्रास्फीति आ.व. २०७५/७६ मा ४.६ प्रतिशत रहेको छ जुन २०७४/७५ मा ४.२ प्रतिशत रहेको थियो । २०७६ असारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.० प्रतिशत रहेको छ ।

कर्जा तथा निक्षेपको अवस्था

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप १९.२ प्रतिशतले बढेको थियो । २०७६ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४५.३ प्रतिशत रहेको छ, अघिल्लो वर्ष यस्तो निक्षेपको अंश ४५ प्रतिशत रहेको थियो । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ को अन्त्यमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६४.४ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १३.५ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । गत आ.व. को अन्त्यमा त्यसरी प्रवाहित कर्जाको अनुपात क्रमशः ६१.७ प्रतिशत र १४.४ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा कृषि क्षेत्रतर्फको कर्जा ४२.५ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा २०.३ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा २२.२ प्रतिशत, थोक तथा खुद्रा व्यापार तर्फको कर्जा १५.७ प्रतिशत, सेवा क्षेत्रका उद्योग तर्फको कर्जा २४.३ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्र तर्फको कर्जा ३२.८ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा ३२.८ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १०.९ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ११.७ प्रतिशतले, डिमान्ड तथा चालु पुँजी कर्जा २३.६ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) १२ प्रतिशतले, मार्जिन प्रकृतिको कर्जा १०.५ प्रतिशतले र हायर पर्चेज कर्जा ५.८ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १९.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा २२.५ प्रतिशतले बढेको थियो ।

कर्जा र निक्षेपको अवस्था हेर्दा कर्जा प्रवाह १९.४ प्रतिशतले बढेको तुलनामा निक्षेप १८ प्रतिशतले मात्र बढ्नुले बजारमा स्रोत-साधनको अवस्था अझै कसिलो रहेको देखाउँछ ।

पुँजीबजार

आर्थिक वर्ष २०७५/०७६ मा नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३.८ प्रतिशतले वृद्धि भई असार मसान्तमा १२५९ विन्दु कायम भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्क २३.४ प्रतिशतले ह्रास भई १२१२.४ विन्दु कायम भएको थियो । धितोपत्र बजार पुँजीकरण वार्षिक विन्दुगत आधारमा ९.२ प्रतिशतले वृद्धि भई २०७६ असार मसान्तमा रु.१५६७ अर्ब ५० करोड कायम भएको छ । बजार पुँजीकरण २०७५ असार मसान्तमा २२.७ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिको बजार पुँजीकरणको कुल ग्राह्यस्थ उत्पादनसँगको अनुपात ४५.२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ४७.३ प्रतिशत रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत २१५ कम्पनीहरूमध्ये १५४ वटा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने १९ वटा उत्पादन र प्रशोधन उद्योग, ३० वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र ४ वटा अन्य समूहका रहेका छन् । २०७५ असार मसान्तमा यस्तो संख्या १९६ रहेको थियो ।

३. प्रतिवेदन तयार भएको मितिसम्मको उपलब्धिहरू

यद्यपि मिति २०७६ साल आश्विन मसान्तसम्मको संस्थाको वित्तीय र अन्य उपलब्धि खासै सन्तोषजनक नदेखिएतापनि क्रमश प्रगति उन्मुख रहेको छ ।

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अर्थात आश्विन मसान्तसम्ममा हासिल गरेको वित्तीय उपलब्धिहरूको झलक निम्नबमोजिम रहेको छ ।

रकम रु. हजारमा

सि.नं.	विवरण	मिति २०७६ आश्विन मसान्त	मिति २०७६ आषाढ मसान्त
१	कुल निक्षेप	६६,४५,६७१.९४	६५,५७,५९३.४२
२	कर्जा सापट (Gross)	६१,४५,७६५.३९	६१,४१,४६५.१३
३	कुल लगानी	४,६१,८०६.१७	४,८०,८४६.२५
४	कुल सञ्चालन आम्दानी	२,६४,९३७.९५	९,५०,५६४.०१
५	सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा	५५,७७२.३३	१,७९,४४०.४७
६	खुद मुनाफा	३,७५१.३५	९९,९८५.८४

(क) शाखा सञ्जालमा विस्तार

आर्थिक वर्ष २०७५/०७६ को सुरुवातमा मुलुकभर १५ वटा शाखा-सञ्जाल रहेकोमा यो प्रतिवेदन तयार पार्दाको मितिसम्म आइपुग्दा व्यावसायिक सम्भाव्यताका आधारमा थप ८ वटा शाखा-कार्यालयहरू सञ्चालनमा आएका छन् । त्यसैगरी आवश्यकता र औचित्यताको आधारमा व्यावसायिक सञ्जाल विस्तार गर्दै लगिने योजना रहेको छ । शाखा-सञ्जालको वृद्धिबाट संस्थाको कारोबारको दायरा विस्तार गर्नमा सकारात्मक योगदान पुगेको छ ।

(ख) निक्षेप

२०७६ असार मसान्तमा संस्थाको कुल निक्षेप ९.४१ प्रतिशतले वृद्धि भई ६ अर्ब ५५ करोड पुगेको छ । आर्थिक वर्ष २०७५/७६ मा संस्थाको निक्षेप ५६ करोडले वृद्धि भएको छ । २०७५ असार मसान्तमा संस्थाको कुल निक्षेप ५ अर्ब ९९ करोड रहेको थियो । संस्थाले आफ्नो व्यावसायिक आकार वृद्धि गर्न समाजका विभिन्न क्षेत्रहरूलाई लक्षित गरी निक्षेप तथा कर्जा योजनाहरू सञ्चालन गर्दै आइरहेको छ । बजार विश्लेषण र निक्षेपकर्ताको चाहना बमोजिमका विभिन्न ग्राहकमैत्री निक्षेप योजनाहरू सञ्चालनमा ल्याउने कामलाई संस्थाले निरन्तरता दिँदै आएको छ ।

(ग) कर्जा, सापटी तथा लगानी

आर्थिक वर्ष २०७५/७६ को अन्त्यमा संस्थाको कुल कर्जा तथा सापटी रु. ६१४ करोड रहेको र सोमध्ये कुल कर्जामा निष्कृय कर्जाको अनुपात ०.५७ प्रतिशत रहेको छ । संस्थाको कुल कर्जामा हायर पर्चेज क्षेत्रको कर्जा करिब २२.५८ प्रतिशत रहेको छ र क्रमिक रूपमा हायर पर्चेज क्षेत्रको कर्जा घटाउँदै लगिने योजना रहेको छ ।

(घ) सूचना प्रविधि

समीक्षा वर्षमा संस्थाले आफ्नो Core Banking System लाई स्तरोन्नती (Upgrade) गरेको छ । यो स्तरोन्नतीसँगै सूचना-प्रविधिसँग सम्बन्धित थुप्रै विषयहरू सम्बोधन गर्न सफल भएको छ । त्यसैगरी संस्थाद्वारा SMS Banking, E-Banking, Any Branch Banking System (ABBS), Mobile Banking, ATM, DMAT Services, DP Service, ASBA Service, Branchless Banking Service जस्ता प्रविधिमूलक सेवाको स्तर अभिवृद्धि पार्दै अझै गतिशील पारिएको छ । संस्थाका सबै शाखाहरूलाई Online Connection मा राखी ग्राहकले जुनसुकै शाखाबाट सजिलैसँग कारोबार गर्नसक्ने व्यवस्था गरिएको छ । आफ्नो तथा ग्राहकवर्गको सूचनाको सुरक्षा (Data Security) का लागि संस्थाले काठमाडौँ उपत्यका भन्दा बाहिर छुट्टै सुरक्षित र आधुनिक Disaster Recovery Centre स्थापना गरेको छ । संस्थाको आन्तरिक कामहरू सम्पन्न गर्ने समय र श्रमशक्तिलाई थप प्रभावकारी बनाउन, सम्पूर्ण शाखाहरूबाट प्रदान गर्ने सेवाहरूको गुणस्तरमा एकरूपता ल्याउन र काम गर्दा हुनसक्ने गल्तीहरूबाट हुनसक्ने जोखिम कम गर्न कर्जा व्यवस्थापन, मानव-संसाधन, शेयर कारोबार व्यवस्थापन आदि क्षेत्रहरूलाई अटोमेशन गर्ने काम सम्पन्न गरेको छ ।

(ङ) मानव-संसाधन

संस्थाले कर्मचारीलाई आफ्नो महत्वपूर्ण सम्पत्तिको रूपमा लिएको छ । प्रतिस्पर्धात्मक बैंकिङ्ग क्षेत्रमा सफलताका लागि दक्ष र इमानदार कर्मचारीको ठूलो महत्व रहेको हुँदा काम गर्ने उपयुक्त वातावरण, वृत्ति विकासको अवसर, व्यवसाय विस्तारको क्रममा चाहिने दक्ष जनशक्ति आफैँ तयार गर्दै जाने नीतिबमोजिम संस्थामा कर्मचारी भर्ना, सरुवा, पदोन्नति र अनुशासनको कारबाही हुने गरेको छ ।

परिवर्तित वाह्य तथा आन्तरिक नीति-नियमहरू र प्रविधिमा आएका परिवर्तनहरूलाई ग्रहण गर्न र व्यावसायिकता बढाउन संस्थाले कर्मचारीहरूलाई आवश्यक तालिमहरू निरन्तररूपमा प्रदान गर्दै आइरहेको छ । साथै, संस्थाले समीक्षा वर्षमा एनबीआईसँग कर्मचारीहरूको दक्षता एवं सीप अभिवृद्धि गर्ने तालिम सञ्चालन गर्ने सम्झौतामा हस्ताक्षर गरेको छ । आजको बैंकिङ्ग परिप्रेक्षमा राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति-नियमहरूको अनुपालन महत्वपूर्ण विषय भएको हुँदा संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरू जानकार रहनुपर्ने आवश्यकत्तालाई दृष्टिगत गर्दै संस्थामा कार्यरत सबै तहका कर्मचारीहरूका लागि तालिम तथा आन्तरिक परीक्षा अनिवार्य गरिएको छ ।

मिति २०७६ आषाढ मसान्तमा सबै तहमा गरी संस्थामा १५९ जना कर्मचारी कार्यरत रहेका छन् ।

(च) संस्थागत सामाजिक उत्तरदायित्व

संस्थागत सामाजिक उत्तरदायित्व प्रति संस्था प्रतिवद्ध रहिआएको छ । संस्थागत सामाजिक उत्तरदायित्वका सम्बन्धमा छुट्टै कार्यविधि बनाई नेपाल राष्ट्र बैंकको मार्ग-निर्देशन बमोजिम सकेसम्म सबै क्षेत्र र भूगोल समेटिने गरी संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू गर्दै आइरहेको छ । समीक्षा अवधिमा संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका कार्यहरू सञ्चालन गरेको छ ।

- संस्थाको प्रधान कार्यालयबाट HIV सङ्क्रमित अनाथ बालबालिकालाई लक्षित गरी सफलता HIV शिक्षा सदन, कीर्तिपुरका २३ बालबालिकालाई सहयोग सामग्रीहरू वितरण गरिएको ।
- पोखरा तथा नारायणगढ शाखाबाट बैंकिङ्ग साक्षरता कायत्रम सञ्चालन गरिएको ।
- संस्थाको प्रधान कार्यालयबाट कागेश्वरी मनोहरा नगरपालिकामा रहेको एकीकृत काँडाघारी सेवा समाजलाई गान्धी आर्दश माध्यमिक विद्यालय अगाडि रहेको बिरुवाहरूको सुरक्षाका लागि ५० थान ट्रिगार्ड उपलब्ध गराइएको ।
- वीरगञ्ज शाखाबाट बारा स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा शौचालय निर्माण गरिएको ।

- दमक शाखाबाट दमक नगरपालिका स्थित हनुमान मन्दिरदेखि नमुना मार्केटसम्म सामाजिक जानकारीमूलक होर्डिंग बोर्ड राख्ने कार्य सम्पन्न गरिएको ।
- संस्थाले e-nable नेपालको सहयोगमा हात नभएका विभिन्न व्यक्तिहरूलाई कृत्रिम हात प्रदान गर्न आर्थिक सहयोग प्रदान गरिएको ।
- पोखरा शाखाबाट जुनियर रेडक्रस सर्कल जनप्रिया माध्यमिक विद्यालयले आयोजना गरेको रक्तदान कार्यक्रमका लागि आर्थिक सहयोग प्रदान गरिएको ।
- इलाम शाखाबाट ट्राफिक प्रहरीसँगको समन्वयमा मेची राजमार्गमा ट्राफिक जागरुकताका सामग्री सहितको होर्डिंग बोर्ड निर्माण गरी जडान गरिएको ।

४. सञ्चालक समिति र सञ्चालक स्तरीय अन्य समितिहरूका गतिविधि एवं संस्थाका भावी योजनाहरू

अब म समीक्षा अवधिमा संस्थाको सञ्चालक समिति र सञ्चालक समिति स्तरीय अन्य समितिहरूका गतिविधिहरू र संस्थाले अवलम्बन गर्ने भावी योजनाहरूको बारेमा संक्षेपमा प्रकाश गर्न चाहन्छु ।

(क) सञ्चालक समिति

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन र प्रचलित कानुनको अधीनमा रही कर्जा लगानी, सूचना-प्रविधि, जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन, जोखिम व्यवस्थापन, मुद्रा निर्मलीकरण, ग्राहक पहिचान लगायतका विषयमा नीति तथा कार्यविधिहरूको तर्जुमा र सोको कार्यान्वयन अवस्थाको सुपरीवेक्षण सञ्चालक समितिले नियमित रूपमा गर्ने गरेको छ । सञ्चालक समितिले संस्थाको व्यावसायिक योजना (Business Plan) एवं बजेट स्वीकृत गर्ने, शाखा विस्तारको योजना स्वीकृत गर्ने, सङ्गठनात्मक संरचना तथा जनशक्तिको योजना स्वीकृत गर्ने, संस्थागत सुशासन कायम गराउन आवश्यक नीति-नियमहरू स्वीकृत गर्ने, संस्थाले वहन गरिरहेको जोखिमको मूल्याङ्कन तथा अनुगमन गर्ने, नियामक निकाय तथा लेखापरीक्षकले दिएका निर्देशनहरूलाई कार्यान्वयन गर्ने, गराउने र कार्यसम्पादनको प्रमुख सूचकाङ्कहरूको अनुगमन गरी व्यवस्थापनलाई आवश्यक निर्देशनहरू जारी गर्ने जस्ता महत्वपूर्ण भूमिकाहरू निर्वाह गरिरहेको छ । आर्थिक वर्ष २०७५/७६ मा सञ्चालक समितिको जम्मा १३ वटा बैठक बसेको र सोको माध्यमबाट महत्वपूर्ण निर्णयहरू लिई संस्थाको व्यावसायिक आवश्यकतालाई सम्बोधन गर्दै आइरहेको छ ।

संस्थाको नियमावलीको नियम ८(२) मा भएको व्यवस्थाबमोजिम जम्मा ७ जनाको सञ्चालक समिति रहेको छ ।

समीक्षा अवधिमा सञ्चालक समितिमा भएको हेरफेर

- मिति २०७५/०९/१९ गते बसेको सञ्चालक समितिको २२८ औँ बैठकले संस्थापकतर्फको सञ्चालक पदमा संस्थापक शेयरधनी राहुल इन्फ्रास्ट्रक्चर (नेपाल) को तर्फबाट प्रतिनिधित्व गर्नु भएका सञ्चालक श्रीमती सन्जु अधिकारीको राजीनामा स्वीकृत गरेको ।
- मिति २०७५/०९/२४ गते बसेको सञ्चालक समितिको २२९ औँ बैठकले संस्थापक शेयरधनी राहुल इन्फ्रास्ट्रक्चर (नेपाल) को तर्फबाट श्री रोशन अधिकारीलाई सञ्चालकमा नियुक्ति गरेको ।
- मिति २०७५/१२/१६ गते बसेको सञ्चालक समितिको २३१ औँ बैठकले स्वतन्त्र सञ्चालक श्री रत्नराज पाण्डेयको ४ वर्षको कार्यकाल समाप्त भएकोले उक्त स्थानमा श्री शङ्करप्रसाद पाण्डेलाई स्वतन्त्र सञ्चालकमा नियुक्ति गरेको ।
- मिति २०७६/०२/२६ गते बसेको सञ्चालक समितिको २३४ औँ बैठकले संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नु भएका सञ्चालक श्री राजेश शर्मा दाहालको राजीनामा स्वीकृत गरेको ।
- मिति २०७६/०२/२६ गते बसेको सञ्चालक समितिको २३४ औँ बैठकले संस्थापकतर्फको सञ्चालक पदमा संस्थापक शेयरधनी भारतको कोची स्थित मुत्तुट फाइनेन्स लिमिटेडका तर्फबाट श्री के. आर. विजिमोन तथा निजको अनुपस्थितिमा सोही संस्थाका

श्री राकेशमोहन देवानलाई वैकल्पिक सञ्चालकमा नियुक्ति गरेको र मुत्तुट फाइनेन्स लिमिटेडको तर्फबाट प्रतिविधित्व गर्ने सञ्चालक/वैकल्पिक सञ्चालकलाई सञ्चालक समितिको बैठकमा भाग लिन आउने-जाने हवाई टिकट तथा होटलको खर्च यस संस्थाले व्यहोर्ने व्यवस्था मिलाइएको ।

(ख) लेखापरीक्षण समिति

संस्थाको बाह्य लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गर्ने, संस्थाको आन्तरिक लेखापरीक्षणको कार्यक्षेत्र निर्धारण गर्ने, आन्तरिक तथा बाह्य लेखापरीक्षणको सिलसिलामा प्राप्त भएका कैफियतहरूको समीक्षा गर्ने एवं नेपाल राष्ट्र बैंकबाट सुपरीवेक्षणको क्रममा औँल्याइएका कैफियतको सुधार तथा निर्देशनहरूको पालना गराउने लगायतको जिम्मेवारी लेखापरीक्षण समितिले वहन गरिरहेको छ । सञ्चालक श्री विष्णुकुमार अग्रवालज्यू संयोजक रहनुभएको लेखापरीक्षण समितिको आर्थिक वर्ष २०७५/७६ मा कुल ६ वटा बैठक बसेको थियो ।

वर्तमान लेखापरीक्षक श्री बी.के. अग्रवाल एन्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सको ३ वर्षे कार्यकाल समाप्त भएकोले लेखापरीक्षण समितिले कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार आ.व.२०७६/०७७ का लागि लेखापरीक्षण गर्न श्री एस.ए.आर. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स (SAR Associates Chartered Accountants) लाई पारिश्रमिक मूल्य अभिवृद्धि करबाहेक रु.५,००,०००|- (अक्षरेपी रु. पाँच लाख मात्र) दिने गरी नियुक्ति गर्ने प्रस्ताव साधारणसभा समक्ष निर्णयार्थ प्रस्तुत गरिएको ।

(ग) कर्मचारी सेवा-सुविधा समिति

जनशक्ति व्यवस्थापनलाई सुव्यवस्थित गर्न कर्मचारी भर्ना, छनौट, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, आदिको नीति तथा मापदण्डहरू तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने, समय-समयमा कर्मचारीहरूको पारिश्रमिक तथा सुविधाहरू सम्बन्धी अध्ययन तथा विश्लेषण सहित सञ्चालक समितिमा सिफारिस गर्ने, कर्मचारीहरूले सम्पादन गर्नुपर्ने कार्य, लक्ष्य तथा प्रगति मूल्याङ्कनका परिसूचकहरू विकास गरी कार्यान्वयनका लागि व्यवस्थापनलाई निर्देशन दिने, वैज्ञानिक ढङ्गको कार्यसम्पादन मूल्याङ्कन प्रणालीको विकास गर्ने र समय-समयमा पुनरावलोकन गर्ने जस्ता महत्वपूर्ण कार्यहरू कर्मचारी सेवा-सुविधा समिति मार्फत् हुँदै आइरहेको ।

कर्मचारी सेवा-सुविधा समितिको संयोजकमा मिति २०७१/०२/०१ देखि २०७६/०२/२६ सम्म सञ्चालक श्री राजेश शर्मा दाहाल र मिति २०७६/०३/२७ देखि सञ्चालक श्री शङ्कर प्रसाद पाण्डेज्यू हुनुहुन्छ । आर्थिक वर्ष २०७५/७६ मा यस समितिको कुल ६ वटा बैठक बसेको ।

(घ) जोखिम व्यवस्थापन समिति

बैंकिङ्ग प्रणालीमा आइपर्ने विभिन्न किसिमका जोखिमहरूको पहिचान गरी तिनको न्यूनीकरणका उपायहरू अवलम्वन गर्ने सिलसिलामा सञ्चालक समितिलाई उपयुक्त राय-सुझाव दिन नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अधीनमा रही जोखिम व्यवस्थापन समितिको गठन गरिएको ।

सञ्चालक श्री रोशन अधिकारीज्यूको संयोजकत्वमा गठित समितिले संस्थाको व्यावसायिक काम-कारवाहीमा अन्तर्निहित हुने कर्जा जोखिम, बजार जोखिम, सञ्चालन जोखिम लगायतका विभिन्न जोखिमहरूको अध्ययन, विश्लेषण र अनुगमन गरी सोको न्यूनीकरण गर्ने सम्बन्धमा व्यवस्थापनलाई मार्गदर्शन तथा निर्देशन दिने कार्य यस समितिबाट भइरहेको छ । समीक्षा अवधिमा यस समितिको २ वटा बैठक बसी आफ्नो कार्य सम्पन्न गरेको ।

(ङ) सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी समिति :

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट जारी इ.प्रा. निर्देशन नं ६/०७५ संस्थागत सुशासन सम्बन्धी व्यवस्था

अन्तर्गत बुँदा नं ७(१) (क) बमोजिम सम्पत्ति शुद्धीकरण तथा निवारण लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने उद्देश्यले सञ्चालक श्री मनीषकुमार खेमकाको संयोजकत्वमा 'सम्पत्ति शुद्धीकरण तथा निवारण सम्बन्धी समिति' गठन गरिएको छ । समीक्षा अवधिमा यस समितिको २ वटा बैठक बसी आफ्नो कार्य सम्पन्न गरेको ।

उल्लिखित समितिहरूका अतिरिक्त संस्थामा पदपूर्ति सम्बन्धी कार्य गर्नका लागि नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अधीनमा रही नायव प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापन स्तरीय 'पदपूर्ति समिति' र संस्थालाई आवश्यक पर्ने वस्तु तथा सेवाहरूको खरिद सम्बन्धी कार्य गर्न, गराउन संस्थाको आर्थिक प्रशासन विनियमावलीको अधीनमा रही प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा व्यवस्थापन स्तरीय 'आर्थिक निर्देशन समिति' गठन गरिएको छ । त्यसैगरी संस्थाको सम्पत्ति तथा दायित्वलाई व्यवस्थापन गर्न प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलापलाई व्यवस्थित र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न संस्थागत सामाजिक उत्तरदायित्व समिति क्रियाशील रहेका छन् । व्यवस्थापन स्तरीय सबै समितिहरूले आफ्नो कार्यहरू निरन्तर सम्पन्न गरिरहेका छन् ।

(च) भावी कार्यक्रमहरू

आदरणीय शेयरधनी महानुभावहरू,

समाजको आधारभूत तहसम्म बैंकिङ्ग पहुँच, ग्राहकहरूलाई उच्च गुणस्तरीय सरल, सुलभ र भरपर्दो बैंकिङ्ग सेवा, सुदृढ, विश्वसनीय र गतिशील संस्थाको रूपमा स्थापित गरी शेयरधनीलाई लगानीको उचित प्रतिफल प्रदान गर्ने, संस्थालाई थप सबल बनाउन मर्जर वा एक्विजिशनका लागि प्रयास गर्ने, व्यावसायिक आकार वृद्धिका लागि ग्राहकहरूसँगको सम्बन्धलाई अझ सुदृढ गर्ने र ग्राहकको आधार विस्तार गर्ने नीति लिइने छ । चालु आ.व.मा तपसिल बमोजिमको कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१. शाखा-सञ्जाललाई विस्तार गरी संस्थाको सेवालाई अझ सशक्त बनाउने ।

२. मुत्तुट फाइनेन्ससँग सहकार्य गरी सुन कर्जालाई विस्तार गर्ने ।

३. संस्थाको लगानी रहने गरी एक छुट्टै रेमिटेन्स कम्पनीको स्थापना गर्ने ।

४. मुत्तुट फाइनेन्ससँग सहकार्य गरी सूचना-प्रविधिको प्रयोग बढाउने ।

५. संस्थाको भवन निर्माणलाई गति दिने ।

५. संस्थाको कारोबारलाई असर गर्ने प्रमुख जोखिम तत्वहरु

संस्थाको कारोबारलाई असर पार्ने प्रमुख जोखिम तत्वहरू निम्नानुसार रहेका छन् :

(क) राष्ट्रको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू ।

(ख) बैंक तथा वित्तीय संस्थाहरू मर्जर तथा/वा स्तरोन्नति हुने क्रम जारी रहेबाट यी संस्थाहरूबीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने सम्भावित जोखिमहरू ।

(ग) कर्जा असुलीमा आइपर्ने विविध जोखिमहरू ।

(घ) कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुनसक्ने जोखिमहरू ।

६. संस्थाका प्रमुख चुनौतीहरू निम्नानुसार रहेका छन् :

(१) अनपेक्षित तरबले परिवर्तन भैरहने बजारको तरलता ।

(२) अर्थतन्त्रमा उपलब्ध लगानीका अवसरहरूको न्यूनता र बैंकिङ्ग क्षेत्रमा देखिने अस्वाभाविक प्रतिस्पर्धाका कारण कारोबारको प्रतिफलमा पर्ने चाप र चुनौतीहरू ।

(३) प्रतिस्पर्धाको कारण कारोबार विस्तारमा पर्ने चापसँगै सिर्जना हुने सञ्चालन जोखिम सम्बन्धी चुनौतीहरू ।

(४) ग्राहकको मनसायको कारण कर्जा असुली कार्यमा आइपर्ने चुनौतीहरू ।

(५) बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको अभाव तथा मर्जर एवं प्राप्ति सिर्जित आन्तरिक व्यवस्थापनमा देखा पर्नसक्ने चुनौतीहरूका साथै दक्ष जनशक्तिले संस्थाको सेवा छोड्ने प्रवृत्ति ।

संस्थाको कर्जा, सापट र लगानी खराब भई हुनसक्ने जोखिमहरूका लागि नेपाल राष्ट्र बैंकको निर्देशन तथा आफ्नै विश्लेषणद्वारा संस्थाले कर्जा नोक्सानी व्यवस्था, लगानीमा सम्भावित हानि-नोक्सानी व्यवस्था गर्ने गरेको छ । संस्थाले बजार प्रतिस्पर्धाको सामना गर्नका लागि जनशक्तिको ज्ञान तथा दक्षता अभिवृद्धिमा आवश्यक ध्यान पुऱ्याएको छ । यसबाहेक व्यावसायिक जोखिम एवं वाह्य कारणहरूबाट सिर्जना हुनसक्ने जोखिम व्यवस्थापनका लागि चनाखो भई सम्भावित हानि-नोक्सानी हुन नदिन वा जोखिम न्यूनिकरण गर्न संस्था सक्षम तथा प्रतिवद्ध रहेको ।

७. लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियत र सो उपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षण प्रतिवेदनमा नियमित व्यावसायिक कारोबारमा देखिएका सामान्य विषयहरूमा दिइएका सुझावहरू वाहेक उल्लेख्य कैफियतहरू रहेका छैनन् । लेखापरीक्षकबाट प्राप्त सुझावहरू अनुरूप सुधार गर्न सञ्चालक समिति सदैव क्रियाशील र प्रतिवद्ध रहेको ।

२०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/७६ को नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरू र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनको अङ्गको रूपमा राखिएको छ । साथै कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमका थप विवरणहरूसमेत प्रतिवेदनको अङ्गको रूपमा समावेश गरिएको ।

८. नाफा-नोक्सान बाँडफाँड

गत वर्षसम्मको संस्थाको सञ्चित मुनाफा रु. १२,२७,८४,०८४.९१ आर्थिक वर्ष २०७५/०७६ मा संस्थाले आर्जन गरेको मुनाफा रकम रु. ९,९९,८५,८३७.८३ (अक्षरेपी नौ करोड उनान्नसय लाख पचासी हजार आठ सय सैँतीस र पैसा त्रियासी मात्र) र NFRS को कारणले रु. ७,८७,१७,४०२.३१ Regulatory Reserve मा राखी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम खुद नाफाको २० प्रतिशत अर्थात् रु. १,९९,९७,१६७.५७ साधारण जगेडा कोषमा, नियमनकारी कोषमा रु. ७,८७,१७,४०२.३१ र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा समीक्षा वर्षको खुद नाफाको १% ले हुन आउने रकम रु. ९,९९,८५८.३८ सारी बाँकी रहेको रकम रु. ८,१९,६९,२३४.८० मध्येबाट रु. ७,६०,५४,८५६.६२ (अक्षरेपी सात करोड साठ्ठी लाख चौवन्न हजार आठ सय छपन्न र पैसा बैसाठ्ठी मात्र) बराबरको नगद लाभांश वितरण प्रस्ताव गरिएको छ । त्यसपछि बाँकी हुने रकम रु. ५९,१४,३७८.१८ सञ्चित मुनाफा शीर्षक अर्न्तगत वासलातमा सार्ने प्रस्ताव गरिएको ।

९. लाभांश बाँडफाँड

आर्थिक वर्ष २०७५/०७६ मा संस्थाले प्राप्त गरेको मुनाफा रकम रु. ९,९९,८५,८३७.८३ (अक्षरेपी नौ करोड उनान्नसय लाख पचासी हजार आठ सय सैँतीस र पैसा त्रियासी मात्र) मध्ये वितरणयोग्य मुनाफा रु. ८,१९,६९,२३४.८० रहेकोमा मिति २०७६ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रु. १,०१,०५,१९,०७४.०० (अक्षेरपी एक अर्ब एक करोड पाँच लाख उन्नाईस हजार चौहत्तर मात्र) को ७.५२६३ प्रतिशतले हुने रकम रु. ७,६०,५४,८५६.६२ (अक्षरेपी सात करोड साठ्ठी लाख चौवन्न हजार आठ सय छपन्न र पैसा बैसठ्ठी मात्र) बराबरको नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत नगद लाभांशबाटै कट्टा हुने गरी) तथा संस्थामा रहेको शेयर प्रिमियम वापत प्राप्त रु. १८,९०,००,०००.०० (अक्षरेपी अठार करोड नब्बे लाख मात्र) मध्येबाट

चुक्ता पुँजीको ३.० प्रतिशतले हुने रकम रु. ३,०३,१५,५७२.२२ (अक्षरेपी तीन करोड तीन लाख पन्द्र हजार पाँच सय बहत्तर र पैसा बाईस मात्र) बराबरको बोनस शेयर समेत गरी कुल १०.५२६३ प्रतिशतले हुनआउने रकम रु. १०,६३,७०,४२८.८४ (अक्षरेपी दस करोड त्रिसाठ्ठी लाख सत्तरी हजार चार सय अठ्ठाईस र पैसा चौरासी मात्र) लाभांश वितरण गर्न प्रस्ताव गरिएको ।

अन्त्यमा,

आदरणीय शेयरधनी महानुभावहरू, फराकिलो हुँदै गइरहेको व्यावसायिक दायरा, शाखा-सञ्जाल एवम् वित्तीय सूचकाङ्कहरू लगायतका मुख्य मुख्य सूचकाङ्कहरूका आधारमा यो संस्था पहिलो श्रेणीको संस्थाको पहिचान बनाउन सफल हुने कुरामा हामीले विश्वास लिएका छौ ।

हाम्रा रणनीतिक साझेदार मुत्तुट फाइनेन्सको रेमिटान्स व्यवसाय तथा सुन कर्जामा भएको विशिष्ट अनुभवबाट हामीले यथेष्ट फाइदा लिँदै अगाडि बढ्नुपर्ने बेला आएको छ । हालसम्मको प्रगतिका लागि प्रत्यक्ष वा अप्रत्यक्षरूपले आ-आफ्नो क्षेत्रबाट निरन्तर सहयोग, सद्भाव, सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस लिमिटेड लगायतका नियमनकारी निकायहरू, आदरणीय ग्राहकवर्ग एवम् समस्त सरोकारवालाहरू प्रति संस्थाको सञ्चालक समिति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछ । साथै संस्थाको गतिविधिहरूलाई सकारात्मक रूपमा जनसमक्ष पुर्‍याइदिने सञ्चार जगत् र प्रत्यक्ष-अप्रत्यक्ष रूपमा संस्थालाई सहयोग पुर्‍याउने सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक आभार व्यक्त गर्नुका साथै संस्थाको सफलताका लागि अथक परिश्रम गर्ने व्यवस्थापन तथा कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद ।

सञ्चालक समितिको तर्फबाट
बसन्त कुमार चौधरी
अध्यक्ष
मिति २०७६/०९/०५

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बद्ध अतिरिक्त प्रतिवेदन

(क) गत वर्षको कारोबारको सिंहावलोकन

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गरिएको छ ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर

सञ्चालक समितिको बार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने योजनाका सम्बन्धमा सञ्चालक समितिको धारणा

यो प्रतिवेदन तयार गर्दासम्ममा (२०७६ साल असोज मसान्त) यस कम्पनीको निक्षेप रु.६ अर्ब ६४ करोड ५६ लाख र कर्जा रु.६ अर्ब १४ करोड ५७ लाख रहेको छ । यस अतिरिक्त चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने योजनाका सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध

कम्पनीले आफ्ना ग्राहकहरू, व्यावसायिक तथा औद्योगिक प्रतिष्ठान, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, कम्पनी रजिष्ट्रारको कार्यालय, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरू तथा कम्पनीमा कार्यरत कर्मचारीहरूसँग सौहार्दपूर्ण व्यवसायिक सम्बन्ध कायम राख्दै आइरहेको छ । जसको फलस्वरूप नै कम्पनीले अपेक्षित रूपमा सफलता हासिल गरेको छ । यस सम्बन्धलाई व्यावसायिक तथा पारदर्शिताको आधारमा विकसित गर्दै आगामी दिनहरूमा अझै सुदृढ बनाउँदै आफ्नो व्यवसायिक कारोबारमा वृद्धि गर्दै जाने कम्पनीको विश्वास रहेको छ ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गरिएको छ ।

(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू

यस सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गरिएको छ ।

(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालक समितिको प्रतिक्रिया

लेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित कैफियतहरूलाई सुधार गर्न व्यवस्थापनलाई निर्देशन गरिएको र सुधार गर्न संस्था कटिबद्ध रहेको छ ।

(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम

आ.व. २०७५/७६ को मुनाफाबाट शेयरधनीहरूलाई चुक्ता पुँजीको ३ प्रतिशतका दरले वोनश शेयर तथा ७.५२३६ प्रतिशतका दरले नगद लाभांश(कर समेत) प्रदान गर्न प्रस्ताव गरिएको छ ।

(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण

आर्थिक वर्ष २०७५/७६ मा कुनै शेयर जफत गरिएको छैन ।

(ञ) विगत आथिक वर्षमा कम्पनी र यसका सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन

कम्पनीको कुनै सहायक कम्पनी नरहेको ।

(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन

कम्पनीको कुनै सहायक कम्पनी नभएको । समीक्षा वर्षमा कम्पनीको कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन गरिएको छैन ।

(ठ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी

कुनै जानकारी प्राप्त नभएको ।

(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सोसम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी

कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूको शेयर स्वामित्वको विवरण निम्न बमोजिम रहेको छ भने कम्पनीको शेयर कारोबारमा उहाँहरू संलग्न रहनुभएको छैन ।

नाम	पद	शेयर संख्या	कैफियत
श्री वसन्त कुमार चौधरी	अध्यक्ष	८,०२,३५६ कित्ता	
श्री विष्णु कुमार अग्रवाल प्रतिनिधि, एम.ए.डब्लु. ईण्टरप्राईजेज प्रा.लि.	सञ्चालक	१२,००,१७७ कित्ता	
श्री के. आर. बिजिमोन प्रतिनिधि, मुतुट फाइनेन्स लिमिटेड, भारत	सञ्चालक	२१,००,००० कित्ता	
श्री वेनीगोपाल मुन्दडा	सञ्चालक	५९,३४४ कित्ता	
श्री रोशन अधिकारी प्रतिनिधि, राहुल इन्फास्ट्रक्चर (नेपाल) प्रा. लि.	सञ्चालक	११,५६,५६६ कित्ता	
श्री मनिष कुमार खेमका,	सञ्चालक	३,३७९ कित्ता	
श्री शङ्कर प्रसाद पाण्डे	स्वतन्त्र सञ्चालक	छैन	
श्री ईश्वर पोखरेल	नायव प्रमुख कार्यकारी अधिकृत	६६ कित्ता	

(ढ) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बद्ध सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको बेहोरा

नभएको ।

(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्यतथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम

कम्पनीले आफ्नो शेयर आफैँले खरिद गरेको छैन ।

(त) आन्तरिक नियन्त्रण प्रणाली भए नभएको र भएको भए सो को विस्तृत विवरण

कम्पनीमा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा रहेको छ । उक्त आन्तरिक नियन्त्रण प्रणाली नियमनकारी निकायले जारी गरेका नीतिनिर्देशन, ऐन कानून तथा नियमको अधीनमा रही निर्धारण गरिएको छ र सोको आवश्यकता अनुसार समय समयमा परिमार्जन समेत गरी लागु गरिएको छ । कम्पनीले लागु गरेको आन्तरिक नियन्त्रण प्रणालीको पुनरावलोकन कार्य आन्तरिक तथा बाह्य लेखापरीक्षकहरू बाट समय समयमा हुने गरेको छ ।

(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण

आ.व. २०७५/०७६ को कुल व्यवस्थापन खर्च देहाय बमोजिम रहेको छ ।

कर्मचारी खर्च	रू. ११,३७,४७,८१६।६८
अन्य संचालन खर्च	रू. ७,३५,२६,९८६।२०
जम्मा	रू. १८,७२,७४,८०२।८८

(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण

लेखापरीक्षण समिति निम्न बमोजिम छ :—

संयोजक — सञ्चालक, विष्णु कुमार अग्रवाल
सदस्य — सञ्चालक, रोशन अधिकारी
सदस्य सचिव — शेष कुमार ढुङ्गाना - वरिष्ठ प्रबन्धक

लेखापरीक्षण समितिका संयोजक तथा सदस्यहरूलाई बैठक भत्ताबाहेक अन्य कुनै पारिश्रमिक तथा सुविधा प्रदान गरिएको छैन । कर्मचारी सदस्य बाहेक संयोजक र सदस्यलाई प्रतिबैठक भत्ता रु.८,०००/- उपलब्ध गराइएको छ । समितिले बैंकको नीति नियम तथा सञ्चालन सम्बन्धी काम कुराहरूको पुनरावलोकन गरी व्यवस्थापन तथा सञ्चालक समितिलाई आवश्यक सुझावहरू समेत दिएको छ । यसका साथै नेपाल राष्ट्र बैंक तथा बाह्य लेखापरीक्षकले दिएको प्रतिवेदन उपर विस्तृत रूपमा छलफल गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिएको छ ।

(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकीभए सो कुरा

त्यस्तो रकम बाँकी नरहेको ।

(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम

क्र.सं	विवरण	अध्यक्ष	सञ्चालक	अन्य पदाधिकारीहरू
१	बैठक भत्ता	रु. १,३०,०००/-	रु. ९,२०,०००/–	-
२	तलब, भत्ता, दशैं खर्च र अन्य सुविधाहरू	-	-	रु. १,२९,९६,३२२/-

प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीहरूलाई निम्न लिखित सुविधाहरू प्रदान गरिएको छः

- कर्मचारी विनियमावली अनुसारका पाउनु पर्ने सुविधाहरू ।
- बोनस ऐन अनुसार प्रदान गर्ने बोनस रकम ।

(प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम

२०७६ साल आषाढ मसान्तसम्म बुझिलिन बाँकी रहेको लाभांश रकम रु. १,४२,१५,८११/- रहेको छ ।

(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण

दफा १४१ मा भएको व्यवस्था बमोजिम सम्पत्ति बिक्री भएको सो को विस्तृत विवरण लेखा सम्बन्धी टिप्पणीमा खुलाइएको छ ।

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण

नभएको ।

(भ) यस ऐन तथा प्रचलित कानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा

प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरू नरहेको ।

(म) अन्य आवश्यक कुराहरू

कम्पनीका कर्मचारीहरूको सुविधा वापतको रकमलाई आर्जनको आधारमा व्यवस्था गर्ने नीति अनुरूप समीक्षा वर्षमा कर्मचारी उपदान खर्च बापत रु.५४,५२,५५७.९९ व्यवस्था गरिएको छ ।

धितो पत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची १५ बमोजिमको वार्षिक विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

१. सञ्चालक समितिको प्रतिवेदन

वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

२. लेखापरीक्षकको प्रतिवेदन

वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

३. लेखापरीक्षण भएको वित्तीय विवरण

वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

४. कानूनी कारवाही सम्बन्धी विवरण

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए

वित्तीय कारोबार गर्ने संस्था भएकोले कर्जा कारोवारको सिलसिलामा आफ्नो लेना रकम असुलीको हकमा मात्र दायर भएका मुद्दा तथा कर कार्यालयले निर्धारण गरेको आ.व.२०६०।६१ को कर सम्बन्धमा सर्बोच्च अदालतमा विचाराधिन रहेको मुद्दा बाहेक अन्य मुद्दा दर्ता नभएको ।

(ख) संगठित संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए

यस सम्बन्धमा त्यस्तो मुद्दा दर्ता भएको वा गरेको जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए

यस सम्बन्धमा त्यस्तो मुद्दा दर्ता भएको वा गरेको जानकारी प्राप्त नभएको ।

५. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

यस कम्पनीको शेयर माग र आपूर्तिको आधारमा मूल्य निर्धारण हुने गरी नेपाल धितोपत्र विनिमय बजारमा कारोबार भइरहेको छ । शेयर बजारमा आउने उतारचढाव सँगै यस कम्पनीको शेयर मूल्यमा पनि परिवर्तन हुने गरेको छ ।

(ख) आ.व.२०७५/७६ को प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन

क.स	त्रैमास	शेयरको अधिकतम मुल्य	शेयरको न्युतम मुल्य	शेयरको अन्तिम मुल्य	कारोबार भएको कुल कित्ता संख्या	कारोबार भएको कुल दिन
१	प्रथम	१७३	१५१	१६३	१२,१९६	२४
२	दोस्रो	१९४	१६२	१६५	४०,७५७	२१
३	तेस्रो	२१५	१४४	१९५	१,४०,२०३	४३
४	चौथो	२०६	१७१	१९२	६७,४५५	५५

६. समस्या तथा चुनौती

(क) आन्तरिक समस्या तथा चुनौती

वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

(ख) बाह्य समस्या तथा चुनौती

वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षक अन्तर्गत राखिएको ।

(ग) रणनीति

१. निक्षेप तथा कर्जामा विविधिकरण ।

२. आय आर्जन गर्ने नयाँ क्षेत्रहरूको विस्तार तथा निक्षेप परिचालन ।

३. समय सापेक्ष नयाँ सेवाहरूको विकास ।

७. संस्थागत सुशासन

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरूको पूर्ण रूपमा पालना गरिएको छ । संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको र संस्थागत सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्णरूपले पालना गरिएको छ ।

२. आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न लेखापरीक्षण समिति गठन गरिएको छ जसले बाह्य र आन्तरिक लेखापरीक्षकवाट दिइएका सुझाव तथा निर्देशनहरूलाई कार्यान्वियन गराउनुका साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन व्यवस्थापनलाई सल्लाह र सुझावहरू दिदैँ आईरहेको छ ।

३. कारोबारलाई छिटो, छरितो, चुस्त तथा वैज्ञानिक बनाउन तथा अन्य आवश्यक रणनीति तय गर्न व्यवस्थापन समिति, जोखिम व्यवस्थापन समिति लगायतका विभिन्न समितिहरू क्रियाशील रहेका छन् ।

४. नेपाल राष्ट्र बैंकको निर्देशन, स्थलगत निरीक्षण प्रतिवेदन, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका सुझाव तथा निर्देशनहरूलाई यस कम्पनीले सदैव पालना गर्दै आएको छ । संस्थागत सुशासनको पूर्ण पालना गर्दै यसलाई अझ सुदृढ बनाउँदै लैजान यस कम्पनीको संचालक समिति र व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

B.K. AGRAWAL & CO.
CHARTERED ACCOUNTANTS
MEMBER CROWE GLOBAL

